**मिति २०७६ असार ९ गते बसेको ४६ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. दाहाल मल्टी ट्रेड प्रा.लि., धनगढीको रकम फिर्ता सम्बन्धमा ।

२. तेस्रो नगर सभा २०७६ मा पेश गर्नुपर्ने विधेयक एवं नीति तथा कार्यक्रम सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** गोदावरी नगरपालिकाको खुटिया र खैरानाको नदीजन्य पदार्थको विक्रिबाट प्राकृतिक स्रोत कर संकलन गर्ने ठेकेदार श्री दाहाल मल्टी ट्रेड प्रा.लि., धनगढी, कैलालीले उक्त ठेक्का वापत रु. १०७, ०००,०००/- (अक्षरुपी रु. दश करोड सत्तरी लाख मात्र) यस नगरपालिकामा जम्मा गर्नुपर्नेमा नगद तथा चेकबाट र बैंक जमानतबाट गरी रु. १०८,०००,०००/- जम्म हुन आएकोले हुनुपर्नेभन्दा बढी जम्मा भएको देखिएको रकम रु. १,०००,०००/- (अक्षरुपी रु. दश लाख मात्र) उक्त कम्पनीलाई फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** तेस्रो नगरसभा २०७६ मा पेश गर्नुपर्ने देहाय बमोजिमका नीति, कार्यक्रम र विद्येयक स्विकृत गरी नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो :

देहाय :

क. गोदावरी नगरपालिकाको आ.व. २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम,

ख. गोदावरी नगरपालिकाको विनियोजन विधेयक २०७६

ग. गोदावरी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७६ ।

## गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र क्षेत्रगत कार्यनीति

गोदावरी नगरपालिकाको तेस्रो नगर परिषदको उद्घाटन सत्रका अध्यक्ष महोदय, मञ्चमा आसिन पूर्वमन्त्रि तथा प्रतिनिधि सभा सदस्य एवम यस कार्यक्रमका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यू, नगर परिषद्का पार्षद् ज्यू र अन्य उपस्थित महानुभावहरु र पत्रकार महोदय,

गोदावरी नगरपालिकाको तेस्रो नगरसभा कार्यक्रममा आगामी आ.व. २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न चाहान्छु । यस महत्वपूर्ण घडीमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनामा प्राण आहुति गर्नुहुने सम्पूर्ण महान सहिदहरु तथा दिवगंत आत्माहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै स्थानीय तहबाट संघीयताको जगलाई मजबुत तुल्याउन न्यायपूर्ण समाजको निर्माण एवम् समृद्धि र सुखीपनाको दिशामा गोलवद्ध रहेका सम्पूर्ण नगरबासीहरु एवम् राजनैतिक नेतृत्व प्रति सम्मान प्रकट गर्न चाहन्छु । गोदावरी नगरबासीले प्राप्त गर्न खोजेको सेवा, विकास र परिकल्पना गरेको समाजको निर्माण गर्न संघ र प्रदेश सरकार संगको समन्वय र सहकार्यबाट स्रोतसाधनको अधिकतम परिचालन गरी यस नगरपालिकालाई समृद्धि बनाउने तर्फ तत्परता देखाईएकोछ । नगरपालिकालाई समृद्ध बनाउदै समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने संविधानतः घोषित लक्ष्यलाई पुरा गर्ने तर्फ सहकार्यात्मक प्रयासको अनुभूति हुन जाने अपेक्षा गरिएकोछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

चालु आर्थिक वर्ष २०७५।७६ मा घोषणा गरिएका नीति तथा कार्यक्रमहरुबाट मूलतः भौतिक पूर्वाधार, सामाजिक विकास, आर्थिक विकास, ससक्तिकरण, सामाजिक परिचालन, विपद् व्यवस्थापन, सामाजिक न्याय, क्षमता विकास, रोजगारीका अवसरको सृजना, गरिबी निवारणमा टेवा, सामाजिक सुरक्षा, वातावरण संरक्षण र सुसाशन एवम् सामाजिक सेवा प्रवाहको क्षेत्रमा केही उपलब्धि भएको देख्न सकिन्छ ।

सडक कालोपत्रे, ढल निकास, ग्रावेल, कल्भर्ट, सडक पुल, झोलुंगे पुल, विद्यालय भवन, तटबन्धन, विपन्न वर्गको ससक्तिकरण र क्षमता विकास सम्बन्धि तालिम, स्वास्थ्य क्षेत्रको सेवा सुविधामा सुधार र स्तर वृद्धि, कृषकहरुको जीवनस्तरमा सुधार, सरसफाईको क्षेत्रमा आयोजनाहरुको सञ्चालन, सहरी विकास योजनाको सञ्चालन, विपद् व्यवस्थापन संरचनाको सुदृढीकरण, सामाजिक मेलमिलापकर्ताहरु मार्फत सामाजिक न्यायमा सुधार, भौतिक र सामाजिक संरचनाको निर्माणबाट रोजगारीका अवसरहरुको सृजना, सामाजिक सुरक्षा व्यवस्थापन क्षेत्रमा सरलीकरण, वृक्षारोपण, सार्वजनिक सेवा प्रवाहको अग्रपंतिमा रहेका वडा कार्यालयहरुको क्षमतामा सुधार एवम् सेवा प्रवाह संग सम्बन्धीत नीति नियम, कार्यविधि, अध्ययन, अनुसन्धान, प्रतिवेदनको तयारी जस्ता कार्यहरुबाट आर्थिक, सामाजिक र राजनैतिक विकासका सूचकहरुमा केहि सहयोग पुग्न गएको पाउन सकिन्छ । यसबाट गोदावरी नगरबासीहरुलाई विकासको पूर्ण प्रत्याभूति हुन नसकेतापनि चालु आ.व.को कार्यक्रम कार्यान्वयनमा देखिएका पृष्ठपोषणलाई आगामी आ.व. २०७६।७७ को विकास रणनीति निर्माणको आधार बनाउन सकेमा आधारभूत सेवाहरुको सुनिश्चितता हुन सक्ने देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

आ.व. ०७६/०७७ का लागि नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रमलाई समेत मध्यनजर गर्दै संघीय सरकारबाट प्राप्त वजेट सिलिङ्ग र मार्गदर्शन, प्रदेश सरकारबाट प्राप्त बजेट सिलिंग र मार्गदर्शन, संविधानमा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सुची, संघ र प्रदेशको साझा अधिकार सूची, स्थानीय तहको एकल अधिकार सूची, स्थानीय सरकार संचालन ऐन २०७४, १५ औं आवधिक योजना, सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो विकासको लक्ष, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष र अन्तर्राष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिबद्धता अनुरुप नतिजा प्राप्तीमा सहयोग पुऱ्याउने गरी देहाय बमोजिम **वार्षिक नीति, कार्यक्रम र बजेट** तय गरिएको छ :

१. गोदावरी नगरपालिका सुदूरपश्चिम प्रदेशको राजधानी घोषणा भईसकेको सन्दर्भमा यसलाई स्मार्ट सिटीको रुपमा विकास गर्न तत्तसम्बन्धी आवश्यक पूर्वाधार निर्माणमा संघ र प्रदेश सरकार संग सहकार्यात्मक विकास नीति लिईनेछ ।
२. विकासमा जनताको सहभागीता, अपनत्व र स्वामित्व कायम हुनेगरी आर्थिक विकास र गरिवी निवारणमा योगदान पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवन स्तर उठ्ने आम्दानी र रोजगारी बढ्ने खालका आयोजनाहरु कार्यान्वयनमा जोड दिइनेछ । साथै लगानीमैत्री बातावरण सिर्जना गरी सार्वजनिक नीजि साझेदारी अवधारणालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
३. नगरपालिकाको आन्तरिक श्रोत परिचालनलाई दीगो तथा प्रभावकारी बनाउन यस वर्ष राजस्व सुधार कार्ययोजना तयार गरिनेछ ।
४. चालु आ.व.मा ऐलानी प्रति जग्गाको लगत लिने नीति लिएकोमा सोको सुरुवात भई वडा नं. १ को कार्य सम्पन्न भएको र उत्त कार्यलाई निरन्तरता दिई सबै वडाको अभिलेखीकरण गरिनेछ । सोको लागि नापी विभाग संग समन्वय गरिनेछ ।
५. नगरपालिका भित्र रहेका सहकारी संस्थाहरुको नियमन र प्रभावकारीताका लागि सहकारी सम्बन्धी ऐन २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएकोछ । सहकारी संस्थाहरुमा रहेको पूजीलाई सदुपयोग गरी सदस्यहरुको आर्थिक, सामाजिक र मानविक विकासमा योगदान दिने खालका कार्यक्रम संचालन गर्न सहकार्य गरिनेछ ।
६. नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त बनाउन संस्थागत सुधार गर्ने नीति लिएकोमा चालु आ.व.मा सेवा प्रवाहको आधारमा संगठन र व्यवस्थापन अध्ययन सर्भेक्षण गरिएको छ सोको आधारमा आगामी आ.व.मा कार्य विभाजन गरी कार्य सम्पादनको आधारमा दण्ड पुरस्कृत गर्ने नीति लिदै सार्वजनिक सेवा प्रवाहलाई चुस्त तुल्याईनेछ । वडा कार्यालय र नगरपालिका कार्यालयको भवन निर्माणको व्यवस्था मिलाईने भनिएकोमा वडा नं. ९ को कार्यालय भवनको लागि ठेक्का स्विकृत भई कार्यदेश समेत भईसकेको र नगरपालिका कार्यालय भवनको बोलपत्र आव्हान गरिएको एवम अन्य वडा कार्यालयहरुको भवन निर्माण गर्न यथासिघ्र आवश्यक व्यवस्था मिलाइनेछ । साथै नगरपालिका अर्न्तगतका सम्पूर्ण सेवाहरुको आवश्यक व्यवस्थापन गरिनेछ ।
७. चालु आ.व.मा जनताप्रति जबाफदेही र उत्तरदायि सेवा प्रवाहका लागि भ्रष्टाचार विरुद्ध सून्य सहनशीलताको नीति लिदै नगरपालिकाको काम कारबाहीलाई सरल, सहज, सुविधायुक्त र सेवाग्राहीमैत्री बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र सुशासनयुक्त बनाउन सेवा प्रवाहमा सुचना र प्रविधिको प्रयोगमा जोड दिइने नीति लिईएकोमा आगामी आ.व.मा समेत यसलाई निरन्तरता दिईनेछ ।

८. नगरपालिकाले लिएका नीति, योजना, वजेट तथा कार्यक्रम र तिनको कार्यान्वयनको अवस्थाको बारेमा जनताले प्रत्यक्ष तथा परोक्ष रुपमा जानकारी पाउने र सुसुचित हुने व्यवस्था प्रभावकारी बनाउन एकिकृत रुपमा सञ्चार माध्यम संग सहकार्य गर्ने नीति लिईनेछ ।

९. नगरपालिका क्षेत्र भित्रका सम्भाव्य प्राकृतिक श्रोत र साधन, धार्मिक, पर्यटकीय स्थलको पहिचान गरि त्यसको अभिलेख राखिने नीति लिइएकोमा चालु आ.व.मा पर्यटन गुरुयोजना २०७५ तयार गरिएको छ । सोको कार्यान्वयन गर्नका लागि पर्यटन क्षेत्रको विकास गर्न प्रदेश सरकार र संघीय सरकार संग समन्वय गरिनेछ ।

१०. निर्माण सम्पन्न सबै प्रकारका भौतिक पूर्वाधारहरुको इन्भेन्टरी तयार गर्ने नीति लिईएकोमा ठुला पूर्वाधार हरुको ईन्भेन्टरी तयार गरि मर्मत सम्भार कोषको व्यवस्था गरिएको छ । आगामी आ.व.मा सबै प्रकारका योजना, आयोजनाहरुको ईन्भेन्टरी तयार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११. सुरक्षित बसोबास र व्यवस्थित शहर निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्डको कार्यान्वयन गरिएको छ । आगामी आ.व.मा राष्ट्रिय भवन संहिता तथा मापदण्डको पूर्ण कार्यान्वयनका लागि सोको दायरामा आउन नसकेका अभिलेखीकरणमा छुट हुन गएका भवनहरुको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन सम्बन्धीत निकाय संग समन्वय गरी मापदण्डको पुर्ण कार्यान्वयनमा जोड दिईनेछ । चालु आ.व.मा सडक यातायात गुरु योजनालाई अध्यावधिक गरिएको छ । सोको आधारमा सडकको स्तरन्नोती र सुधार गर्दै लगिनेछ । घर नक्सा पास सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्न नक्सा शाखा र बाह्य सेवा प्रदायकहरुको क्षमता विकास गर्दै नक्सा पास कार्यलाई डिजिटलाईजेशन गरिनेछ ।

१२. नगर शिक्षा ऐन २०७५ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । नगर शिक्षा नियमावली तर्जुमा गरी आधारभुत र माध्यामिक शिक्षालाई नियमन तथा व्यवस्थापन गरिनेछ । शिक्षाको गुणस्तर सुधारका लागि शिक्षा ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिनेछ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका गरिव तथा जेहन्दार बालबालिकाहरु र फरक क्षमताका बालबालिकाको शिक्षाका लागि विशेष छात्रबृतिका लागि आवश्यक पहल गरिनेछ ।

१३. बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागीता जस्ता बालअधिकारका विषयमा कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ ।

१४. प्राविधिक एवं व्यवसायिक शिक्षाको माध्यमबाट युवाहरुलाई स्वदेशमै रोजगारको अवसर सिर्जना गर्न पहल गरिनेछ । सोको लागि विकास साझेदारहरुको सहकार्यमा ग्रिन कलेजको अवधारणालाई अगाडी बढाईनेछ ।

१५. युवा तथा खेलकुद लक्षित कार्यक्रमहरु संचालन गरी युवाहरुलाई समाज विकासको काममा परिचालन गरिनुका साथै स्काउटिंगको अवधारणा कार्यान्वयन गर्न प्रेरित गरिनेछ । खेलकुद क्रियाकलाप र पूर्वाधार विकासमा जोड दिइनेछ ।

१६. स्थानीय भाषा, साहित्य, संस्कृति, कलाको संरक्षण र विकासमा जोड दिईनेछ ।

१७. आधारभुत स्वास्थ्य सेवामा पहुँच र सुनिश्चितताका लागि नगरभित्रका सरकारी स्वास्थ्य संस्थाहरुले दिदै आएको सेवालाई थप प्रभावकारी बनाइ सेवाको गुणस्तरीयतामा जोड दिइनेछ । गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य जाँचलाई अनिवार्य गरिनेछ ।

१८. चालु आ.व.मा मालाखेती अस्पतालमा फार्मेसी सेवा सुरु गरिएको र केही दिन मै आपत्कालिन सेवा सञ्चालन गरिनेछ । यसलाई नगर अस्पतालको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ । एक वडा एक सरकारी स्वास्थ्य संस्थाको नीतिलाई निरन्तरता दिईनेछ । स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरिकलाई पहुचमा ल्याईनेछ । साथै स्वास्थ्य शिक्षा, पोषण सम्बन्धी चेतनामुलक र प्रबर्द्धनात्मक कार्यक्रमको लागि ICT Material तयार गरिनेछ । निश्चित सुचक र मापदण्ड बनाई निजी अस्पताल, क्लिनिकहरुको नियमन गरिनेछ ।

१९. सामाजिक स्वास्थ्य विमा कार्यक्रममा सबै घरपरिवारलाई समेटन पहल गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउन बैकिंग प्रणालीमा लगिनेछ । साथै योगदानमा आधारित सामाजिक सुरक्षालाई व्यवस्थित बनाउन आवश्यक कानून निर्माण गरिनेछ ।

२०. स्वच्छ नगर, सफा नगर, हाम्रो नगर को रुपमा विकास गर्न गोदावरी नगरपालिका भित्र फोहरमैलाको संकलन, पुन उपयोग, प्रशोधन र विसर्जन जस्ता सरसफाईसित सम्बन्धित चेतनामूलक क्रियाकलापहरुमा आम नगरबासीसंग हातेमालो गरिनेछ । फोहोरमैला व्यवस्थापनको लागि सेनेटरी ल्याण्ड फिल्ड साईटको डि.पि.आर. तयार भई IEE को लागि पेश भएकोमा यसलाई शिघ्रातिशिघ्र कार्यान्वयन गर्न पहल गरिनेछ ।

२१. अस्पतालजन्य फोहोरमैला बाट अन्य फोहोरमा समेत Contamination भई मानव स्वास्थ्यमा ठुलो असर पर्न सक्ने भएकोले यस्तो फोहोरलाई व्यवस्थापन गर्न आगामी आ.व.मा Central Treatment Facility को सुरुवात गरिनेछ । त्यसको लागि GIZ, WHO, Rotary Club संग सहकार्य गरिनेछ ।

२२. फोहोरको उत्पत्ति स्थलबाटै वर्गिकरणको अवधारणा लागू गरी फोहोरबाट मोहोर बनाउन अभियान सुरु गरिनेछ ।

२३. अव्यवस्थित र सडक अतिक्रमण गरी बसेका घर, टहरा, छाप्राहरु हटाई शहरलाई व्यवस्थित, बातावरणमैत्री र हरित शहरको रुपमा विकास गरिनेछ । अत्तरिया बसपार्कको जग्गाको भोगाधिकार लिई क्षेत्रिय बसपार्कको रुपमा

विकास गर्नेगरी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भईसकेकोमा सो अनुरुप पूर्वाधार विकास गर्दै लगिनेछ । स्थानीय व्यापार प्रबर्द्धन, हाटवजार व्यवस्थापन लगायतका कार्यमा स्थानीय उद्योग बाणिज्यसंघ लगायतका संस्थासंग सहकार्य गरिनेछ ।

२४. उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपलब्ध खाद्य तथा अन्य बस्तु र सेवाको गुणस्तरीयताको सुनिश्चितता गर्न वजार अनुगमन सम्बन्धी नीति तथा मापदण्ड बनाई वजारको अनुगमन र नियमन गरिनेछ साथै अनौपचारिक व्यापार, व्यवसायलाई व्यवस्थित गर्न अध्ययन गरिनेछ ।

२५. **दिगो विकासको मुख्य आधार, स्वच्छ खानेपानी र सरसफाइयुक्त व्यवहार** भन्ने नारालाई सार्थक तुल्याउने गरी नगरपालिका भित्रका टोलबस्तीहरुमा स्वच्छ खानेपानी व्यवस्थापन गर्न नगरपालिका, प्रदेश सरकारको श्रोतलाई अधिकतम परिचालन गर्ने नीतिलाई निरन्तता दिईनेछ । पूर्ण सरसफाइको अभियानलाई सफल पार्न स्थानीय गैरसरकारी संस्था तथा सामाजिक संस्थाहरुसंग आपसी सहकार्य गरिनेछ ।

२६. नगरपालिकाको उपलब्ध श्रोत र साधनले कार्यान्वयन गर्न नसकिने वडाबाट शिफारिश भएका ठुला योजना, विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका योजनाहरु निर्माणका लागि विशेष अनुदान, समपुरक अनुदान परिचालन गरी सम्पन्न गर्न जोड दिइनेछ ।

२७. कृषि पेशालाई व्यवसायिक र आधुनिकीकरण गर्न कृषि पुर्वाधार विकास, कृषकहरुको क्षमता विकास गर्दै युवा रोजगारी सिर्जना गर्न र गरिवी निवारणमा योगदान पुग्ने गरी समावेशी आर्थिक विकासका लागि नगरपालिकाको श्रोत तथा बाह्य लगानी प्रेरित गरिनेछ । चालु आ.व.मा अत्तरिया कृषि वजारको व्यवस्थापनको लागि सित भण्डारको सुरुवात गरिएकोमा आगामी आ.व.मा यसलाई सम्पन्न गर्न जोड दिनुका साथै तरकारी, फलफुलको मुल्य व्यवस्थापनको लागि उपयुक्त नीति बनाउन नीति संवाद गरिनेछ । कृषि र पशुपालनको लागि पकेट क्षेत्र निर्धारण गरी साझेदारी कार्यक्रम संचालन गरिनेछ । साथै कृषक परिचयपत्र वितरण गरी अभिलेखलाई व्यवस्थित गरिनेछ । पशु तथा बाली वीमाका लागि कृषहरुलाई प्रेरित गरी जोखिम न्यूनिकरणमा जोड दिइनेछ । स्वस्थकर मासुका लागि मासु जाँच र पशुबधशाला निर्माणका लागि पहल गरिनेछ ।

२८. गोदावरी नगरपालिकाको उत्तरी भाग प्राङ्गारिक खेतीका लागी सम्भाब्य देखिएको छ । चुरेको फेदमा उपलब्ध हुने पातपतिङ्गर झारपात र गड्यौलाको मिश्रणमा आधारित कम्पोष्ट प्लान्ट निर्माण गरि प्राङ्गारिक खेतीको कृषक प्रोत्साहन कार्यक्रम मार्फत कृषी जैविक विविधता र वातावरण संरक्षणमा जोड दिने नीति लिइनेछ ।

२९. सीमान्तकृत, बञ्चितिकरण, बहिस्करणमा परेका, फरक क्षमता भएका, ज्येष्ठ नागरिक, महिला, बालबालिका, एकल महिला, मजदुर, अल्पसंख्यक, तेस्रो लिंगीहरुको आर्थिक सामाजिक विकास गर्दै सम्मानपूर्ण जीवनयापन गर्न पाउने बातावरण सिर्जना गरिनेछ ।

३०. **"आर्थिक समृद्धिका लागि महिला उद्यमशीलता"** भन्ने नाराका साथ क्रियाकलापहरु गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

३१. मुक्त कमैया, दलित, आदिबासी, जनजाति, विपन्न परिवारका सदस्यलाई रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा संलग्न गराई उनीहरुको आर्थिक विकासमा जोड दिइनेछ ।

३२. लैङ्गिक हिंसा, लैङ्गिक विभेद, छाउपडी, बोक्सी, छुवाछुत जस्ता कुरीति र कानुनले बर्जित गरेका कुप्रथाहरुको अन्त्य र मानव वेचविखन तथा ओसारपसारका विरुद्ध सामाजिक जागरणका कार्यक्रमहरु संचालन गरिनेछ । साथै नगरमा व्यवस्थित एउटा सेभ हाउस निर्माण गरिनेछ ।

३३. HIV संक्रमित व्यक्तिहरुलाई स्वास्थ्य सेवामा निरन्तर पहुच कायम राखी आर्थिक स्तर सबलीकरणको लागि रोजगारीका अवसर सिर्जना गर्नुका साथै उपयुक्त पोषण सम्बन्धि चेतनामूलक कार्यक्रम सञ्चालन गर्न जोड दिईनेछ ।

३४. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई कार्यान्वयनमा ल्याईएकोछ । उक्त कार्यक्रमबाट वेरोजगार महिला तथा युवाहरुलाई परिणाममुखी सीपमुलक तालिम मार्फत उद्यमशिलताको विकास गरी स्वदेशमै स्वरोजगार र आयआर्जन गर्न सक्ने बातावरण सिर्जना गरिनेछ । परम्परागत पेशा, सीप, व्यवसाय र कलामा संलग्न समुदायलाई निजहरुको पेशा, सीप, ब्यवसाय र कलालाई आधुनिकीकरण गर्न प्रेरित गरिनेछ ।

३५. भु-उपयोग योजना सहितको दीर्घकालिन एकीकृत शहरी विकास गुरुयोजना तर्जुमा गरिएको छ । यसलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ । चालु आ.व.मा गोदावरी नगरक्षेत्र भित्र वडा नं. ७ को हरैयामा औद्योगिक क्षेत्र निर्माणको लागि अध्ययन गर्ने कार्य सम्पन्न भएको छ सो अध्ययनको आधारमा डि.पि.आर. बनाउने कार्यको लागि आवश्यक व्यवस्था गरिनेछ । एकीकृत बस्ती विकासको लागि आवश्यक कार्य आगामी आ.व.मा सुरु गरिनेछ ।

३६. चालु आ.व.मा नगरपालिका क्षेत्रभित्र रहेका धार्मिक, पर्यटकीय स्थल, तालतलैया र सीमसार क्षेत्रको विकासको लागि पर्यटकिय गुरुयोजना तयार गरिएको छ । उक्त गुरुयोजना भित्र समावेश गरिएको गोदावरीधाम (ग्वासी समैजी देखि गोलादेउ) सम्मको क्षेत्रको विकासको लागि संघ र प्रदेश सरकार संग समन्वय गरी एकिकृत रुपमा विकास गर्न र राष्ट्यि धामको रुपमा परिचित गराउन आगामी आ.व.मा आवश्यक पहल गरिनेछ । छिमेकी

धनगढी उप–महानगरपालिका, गौरिगंगा, कृष्णपुर नगरपालिकाहरु र चुरे गाउँपालिका सितको सहयात्रामा गोदावरी धामक्षेत्रको विकासमा जोड दिइने छ । साथै अन्य धार्मिक, पर्यटकिय स्थल सरोवर तालतलैया र सिमसार क्षेत्रको संरक्षण र सर्म्वद्धनमा सार्वजनिक, निजी साझेदारी अवधारणालाई कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

३७. चालु आ.व.मा विपद् जोखिम न्यूनिकरण, जलबायु परिवर्तनको असर न्यूनिकरण तथा जैविक विविधता संरक्षणका लागि नगरस्तरिय स्थानीय अनुकूलन कार्ययोजना (Local Adaption Plan of Action) र वडा स्तरिय Disaster Risk Reduction Plan तयार गरिएको छ । आगामी आ.व.मा उक्त योजना कार्यान्वियन गरी विपद् व्यवस्थापनको लागि नगर स्तरिय Emergency Operation Center स्थापना गरिनेछ । साथै गोदावरी नगरपालिका क्षेत्र भित्र रहेका मुख्य नदी/खोलाहरुबाट उत्पन्न हुने जोखीम न्यूनिकरणका लागि Early Warning System जडान गर्न आवश्यक समन्वय गरिनेछ ।

३८. विपद् व्यवस्थापनमा सहयोग पु¥याउने उद्देश्यले छिमेकी नगरपालिकाहरुसँगको सहकार्यमा नगर प्रहरीहरुको सामुहिक क्षमता विकास कार्यक्रम संचालन गरि एकिकृत सुरक्षा व्यवस्थापनको थालनी गरिने छ ।

३९. सामुदायिक बनबाट सदस्यहरु र अन्य सेवाग्राहीले बढी भन्दा बढी लाभ पाउने गरी साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ । साथै सामुदायिक बन भित्र जडीबुटी खेती, फलफुल खेती लगाई सदस्यहरुको आयआर्जनमा योगदान पुग्ने क्रियाकलाप संचालन गर्न प्रोत्साहन गरिनेछ । बन विनाश, अतिक्रमण रोकी तथा आगलागी र डढेलोबाट वन जंगल संरक्षण गर्न उपभोक्ताहरुलाई चेतनामूलक कार्यक्रममा जोड दिईनेछ ।

४०. गैर सरकारी संस्था र सामाजिक संस्थाहरुको सहकार्य र सक्रियता बढाउनका लागि नगरपालिकामा NGO Desk स्थापना गरिनेछ सोको लागि आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ । गैरसरकारी संस्थाहरुलाई सामाजिक विकास, मानव विकास र चेतनाको विकासमा बढी केन्द्रित गरिनुका साथै कार्यक्रमहरु एकद्धार प्रणाली मार्फत सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

४१. न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन दैनिक रुपका कार्यलाई व्यवस्थित गरिनेछ ।

**आदरणिय सभाध्यक्ष महोदय,**
**अब म आगमी आर्थिक वर्ष २०७६।७७ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

## २.क्षेत्रगत विकास कार्यनीति

गोदावरी नगरपालिकामा विगत वर्षहरुमा तर्जुमा गरिएका क्षेत्रगत विकास नीति तथा कार्यक्रमहरुको कार्यान्वयनवाट भौतिक पूर्वाधार, सामाजिक विकास, आर्थिक विकास र अन्य विकासका अभयवहरुमा केही सुधार भएको देखिन्छ तथापी आर्थिक, सामाजिक र मानविक सूचकहरुमा बढोत्तरी गरी राष्ट्रिय लक्ष्य अनुरुप पु¥याउन अझै ठूलो प्रयास गर्नुपर्ने देखिन्छ । आगामी आ.व.२०७६/०७७ मा ठुलो रोजगारी दिने भौतिक पूर्वाधारहरु, औषत आयु समेतका मानव विकासका सूचकहरुमा सुधार हुने सामाजिक विकास कार्यक्रम र जनताको जीवनस्तर सुदृढ हुने खालका आर्थिक क्रियाकलापहरु सञ्चालन गरी **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय नारालाई व्यवहारिक रुपमा सार्थक तुल्याउन एवम् गोदावरी नगरपालिकाको समग्र आर्थिक र सामाजिक विकासको लागि क्षेत्रगत विकास नीति तथा कार्यक्रम मार्फत प्रयास गरिएकोछ । निर्वाचित जनप्रतिनिधिज्यूहरु र सरोकारवालाहरुको राय, सुझाव र क्षेत्रगत शाखाहरुको प्राविधिक सहयोगबाट निर्माण गरी क्षेत्रगत विकास नीति तयार गरिएकोछ ।

कृषि, पर्यटन, पूर्वाधार, सामाजिक विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापन एवम् मानव विकासलाई प्राथमिकतामा राखी क्षेत्रगत नीति निर्धारण गरिएको छ । कृषि उत्पादकत्वमा अभिवृद्धि गर्ने, पर्यटकिय पूर्वाधार र चेतनाको विकास गरी पर्यटनलाई नगरको मूल अर्थतन्त्रको कडीको रुपमा विकसित गर्ने, स्वास्थ्यको पहुँच तथा गुणस्तर सुधार गर्ने, सुशासनको प्रत्याभूति गर्ने, मानवअधिकार संरक्षण गर्ने, सामाजिक न्यायमा बढोत्तरी गर्ने, साना तथा मझौला उद्योगद्वारा आत्मनिर्भरता बढाउने, प्राकृतिक स्रोत साधनको समुचित र बुद्धिमत्तापूर्ण उपयोग र मानव विकासोन्मुख क्रियाकलापहरु मार्फत क्षेत्रगत नीति कार्यान्वयनमा जोड दिईनेछ ।

### आदरणिय सभाध्यक्ष महोदय,

### २.१.१ कृषि,सहकारी तथा पशुपक्षिं

- कृषिमा आधारित पकेट क्षेत्रहरु पहिचान गरी कृषक समुह निर्माण, माटो परीक्षण, सम्भाव्य खेतीको पहिचान, विउविजनको उपलब्धता, यन्त्र उपकरणमा सहजीकरण, प्रांगारिक मल उत्पादनमा टेवा, सिचाईको लागि डिपट्युवेल, स्प्रींकर, थोपा सिंचाई समेतका उपयुक्त प्रविधि कृषक पाठशाला मार्फत कृषिजन्य सिप एवम् परम्परागत प्रविधियुक्त कृषक क्षमताको विकास, बजारीकरण, अगुवा कृषकको परिचालन जस्ता आधारभूत कुराहरुको व्यवस्थापन गरी कृषि उत्पादन र उत्पादकत्व बढाउन कृषि क्षेत्रलाई आर्कषित क्षेत्रको रुपमा विकास गरिनेछ ।

- खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रवृत्तिलाई कम गर्न जई, भेज, बर्सिम, स्टाईलो जस्ता घाँसका विउ रोपण गरी त्यसबाट सीन्की (Silage) तयार गरी पशु पोषणमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरी बाँझो जमिनको सदुपयोगमा जोड दिईनेछ ।
- खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक तथा जोन विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।
- कृषि र पर्यटनमा आधारित साना उद्योगहरूको प्रर्वद्धनमा जोड दिई युवाहरुको आर्कषण बढाईनेछ ।
- चालु आ.व.मा गोदावरी नगरपालिकामा सुदूरपश्चिम प्रदेशका सबै जिल्लाहरुमा पशु प्रजन्नमा सहयोग पुग्ने गरी कृतिम गर्भाधान केन्द्र (Artificial Insimination Center) स्थापना गरिएकोछ । पशुपन्छीको नस्लसुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका कार्यलाई अगाडि बढाई एकीकृत रूपमा सेवा प्रदान गर्ने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ । गाई, भैंसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई उन्नत नस्लका पशुहरूको सङ्ख्यामा वृद्धि गरिनेछ ।
- चालु आ.व.मा पशु बधशालाको डि.पि.आर. गर्ने कार्य सम्पन्न भएकोछ । आगामी आ.व.मा उपयुक्त स्थान छनौट गरी पशु बधशाला निर्माण गरिनुका साथै पशु बजार व्यवस्थापनमा आवश्यक पहल गरिनेछ ।
- पशुसेवामा प्राविधिक जनशक्तिको निरन्तर सहभागिता र अगुवा पशु व्यवसायीहरुको क्षमता उपयोग हुने गरी पशुपन्छी सेवामा कृषकको पहुँच विस्तार गरिनेछ ।
- पशुपंक्षि क्षेत्रको विकासको लागि पकेट क्षेत्र पहिचान गर्ने र कृषकहरुसंग सो सम्बन्धमा सम्वाद र छलफल गरी आवश्यक पूर्वाधारको विकास, उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋृण, बीमा सहितको प्राविधिक सेवा प्रदान गर्न आवश्यक पहल गरिनेछ ।
- पशुपन्छी पालक साना कृषक, कमलरी, मुक्त कमैया, हलिया तथा भूमिहीन हरुवा, चरुवा विपन्न किसानलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
- अस्ट्रीच र टर्की पालन गरी व्यवसाय गर्न चाहने समुहलाई विशेष आर्थिक प्याकेज र प्राविधिक सहयोग उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।
- सहकारी संस्थालाई कृषि, पर्यटन, उद्योग, ऊर्जाजस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ ।
- सहकारी संस्थाहरूको व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न सहकारी लेखा, व्यवस्थापन, नेतृत्व विकास र कार्ययोजना निर्माण जस्ता तालिमको व्यवस्था गरिनेछ ।
- सहकारीमैत्री कर प्रणालीको विकास गरिनेछ ।
- सहकारीमा आबद्ध विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पुँजी र सीपमूलक तालिम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- वास्तविक किसानको पहिचान गर्न वडा स्तरमा किसानको Profile तयार गर्ने व्यवस्था गरिनेछ ।

**२.१.२ सिचाई तथा प्रकोप व्यवस्थापन**

- भूमिगत सिंचाइ सम्भाव्य भएका स्थानहरूमा स्यालो तथा डिप ट्युवेलका कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- जलस्रोतको अभाव भएका र सुख्खा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी सङ्कलन लगायत खुला र प्लास्टिक पोखरी व्यवस्थापन र सम्भाव्य क्षेत्रमा कुलो मर्मत र निर्माणका साथै नगर क्षेत्रमा रहेका तालतलैयाको सुदृढीकरण गरी उपयुक्त सिंचाइ सुविधा पुर्‍याइनेछ ।

**२.१.३ जल उत्पन्न प्रकोप व्यवस्थापन**

- जल उत्पन्न प्रकोप व्यवस्थापनको लागि प्रभाव क्षेत्रमा रहेका प्रकोप संग जुध्न सक्ने क्षमता भएका व्यक्तिहरुको अभिलेख खडा गरी उनीहरुको सहकार्यमा Bio-Engineering, वृक्षारोपण, जैविक तटबन्ध निर्माण र अन्य विपद् प्रकोप जोखीम न्यूनिकरणमा सहयोग पुग्ने आयोजनाहरु सञ्चालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमसंग तादान्यता गरिनेछ । साथै उक्त जनशक्तिको क्षमता विकासमा ध्यान दिईनेछ ।
- जल उत्पन्न प्रकोप व्यवस्थापनको लागि ला.पा.(Local Adapation Plan of Action) र नगर स्तरिय विपद् प्रतिकार्य योजनालाई मार्गदर्शनको रुपमा लिईनेछ ।
- स्थानीय स्तरमा उपलब्ध स्रोतसाधनको प्रयोग गरी प्रकोप न्यूनीकरणमा जोड दिईनेछ ।
- चुरे क्षेत्रमा बढ्दो अतिक्रमण र भू स्कलनका कारण निकट भविष्यमै पानीका मुहान सुकेर विषम परिस्थिति सिर्जना हुन सक्ने खतरालाई मध्यनजर गर्दै पानीका मुहान भएका क्षेत्रमा सरकारी तथा गैर सरकारी र

अन्र्तराष्टिय गैर सरकारी निकाय एवम नागरिक सहभागितामा मुहान क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन गर्न अगुवाको भूमिका निर्वाह गरीने छ । साथै यस क्षेत्रमा हुने अतिक्रमणका विरुद्ध सुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

### २.१.४ खाद्य सुरक्षा तथा खाद्य पोषण

- Knowledge Based Food Habit अर्थात ज्ञानमा आधारित खानपानको बानीमा कमी, खाद्य असुरक्षा, खाद्य पोषणमा कमजोरीका कारण मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरलाई समय मै सम्बोधन गरी स्वस्थ नागरिक तयार गर्न ज्ञानमा आधारित खानपिन कार्यक्रमलाई चेतनामूलक कार्यक्रमको रुपमा ब्यापक प्रचार गर्न आमा समुह, महिला समुह, स्वास्थ्य समुह, कृषक समुह, टोल विकास जस्ता सामाजिक उपकरणहरुको परिचालन गरिनेछ ।
- खाद्य वस्तुको स्वच्छता तथा गुणस्तर सुनिश्चित गर्न नियमन कार्य प्रभावकारी बनाइनेछ ।
- सीमान्तकृत तथा खाद्य असुरक्षाको जोखिममा रहेका घरपरिवारलाई समूह, सहकारीमा आबद्ध गराई करार खेती गर्न प्रोत्साहन गरिनेछ ।

### २.१.५ वन तथा भू संरक्षण

- नगर र नगर वरिपरि रहेका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गरिनेछ ।
- निजी तथा सार्वजनिक जग्गाहरूमा वृक्षारोपण गरी वन क्षेत्रको विस्तार र वनपैदावारको आपूर्तिमा सहज हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधार सम्बन्धी कार्यक्रमहरू सबै वन व्यवस्थापन प्रणालीमा कार्यान्वयन गरिनेछ ।
- सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट उत्पादन हुने वन पैदावारहरूको बिक्री वितरण तथा वनस्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानुनी र नीतिगत सुधार गरिनेछ ।
- विश्व बन्यजस्तु कोषसंगको सहकार्यमा गोदावरीधाम क्षेत्र भित्र Wild Animal Rehabilation Center स्थापना गर्न पहल गरिनेछ । साथै नर्सरी व्यवस्थापन र वातावरण मैत्री पूर्वाधार निर्माणको लागि प्राविधिक सहयोग जुटाउन पहल गरिनेछ ।

### २.१.६ उद्योग, वाणिज्य र पर्यटन

- चालु आ.व.मा विशेष आर्थिक क्षेत्र पहिचान गर्न अध्ययन कार्य सम्पन्न भई वडा नं. ७ को हरैयामा सम्भाव्य देखिएकोले प्राप्त अध्ययन प्रतिवेदन सहित जग्गा प्राप्ती र उद्योग स्थापनाको लागि प्रारम्भिक कार्यहरु सुरुवात गरी सम्बन्धीत निकायमा पेश गरिनेछ ।
- एक वडा एक विशेष उत्पादन सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।
- स्वस्थ व्यापार व्यवसायको अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर पर्यटन गुरु योजना बमोजिमका क्रियाकलापहरु सञ्चालन गरी पर्यटकीय स्थलहरुको व्यवस्थापन गरिने छ ।
- प्रमुख पर्यटकीय स्थलहरूसम्म सहज पहुँच बनाउन पर्यटन पदमार्ग मार्फत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ ।
- पर्यटन पूर्वाधार विकासमा स्थानीय तह, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।
- पर्या-पर्यटन तथा कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप वातावरणमैत्री बनाइनेछ ।
- गोदावरी नगरपालिका क्षेत्र भित्रका तालतलैयाहरुको संरक्षण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ ।
- गोदावरीधाम क्षेत्रलाई धार्मिक पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ ।
- गोदावरी नगर क्षेत्र भित्र पर्यटन सूचना केन्द्र स्थापना गर्न निजी क्षेत्र संग सहकार्य गरिनेछ ।
- गोदावरी नगर भित्र रहेका होटल र मोटेलहरुमा कार्यरत जनशक्तिलाई सेवा प्रवाह, सरसफाई, खानपिन र अन्य व्यवस्थापनका विषयहरुमा निजहरुकै सहभागितामा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी होटललाई आकर्षक र पर्यटकमैत्री बनाउन जोड दिईनेछ ।
- उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श र अन्य निजी क्षेत्रको सहकार्यमा लगानीका क्षेत्र पहिचान गरी पूर्वाधार विकासमा जोड दिईनेछ ।

- गोदावरी क्षेत्रमा रहेको मसानघाट व्यवस्थापन गर्न छिमेकी नगरपालिकाहरु संग समेत समन्वय गरि व्यवस्थापन गरिनेछ ।

### २.१.७ सामाजिक तथा सांस्कृतिक विकास

- शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन, खानेपानी, सरसफाई जस्ता सामाजिक विकासका आधारभूत विषयबस्तुलाई एकअर्काको परिपुरकको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ ।
- बढ्दै गएको परसंस्कृतिग्रहणका कारण रैथाने र परम्परागत संस्कृतिको जर्गेना गर्न समयमै ध्यान दिनु आवश्यक देखिएको छ । यसको लागि सांस्कृतिक क्षेत्रको महत्वलाई बोध गराउदै तत्सम्बन्धमा देखिएका विकृतिहरुलाई न्यून गर्न एवम् समस्टीगत संस्कृतिको संरक्षण एवम् विकास गर्न सामाजिक उपकरणको रुपमा रहेका आमा समुह, टोल विकास समिति, महिला समुह, ज्येष्ठ नागरिक समुह, युवा समुह, स्वास्थ्य समुह र सहकारी समुहको परिचालन एवम् तिनको अनुभवको उपयोग गरिनेछ ।
- धार्मीक समुह, धामीझाँक्री समुह, ग्रामिण बैद्यहरुको समुह, सुडेनी समुहको परिचालन गरी समाजमा रहेका सांस्कृतिक विकृतिहरु हटाउन उत्प्रेरित गरिनेछ ।
- जनसंख्या व्यवस्थापन अर्न्तगत सानो र गुणस्तरीय परिवारलाई प्रवर्द्धन गर्न जनसङ्ख्या, प्रजनन स्वास्थ्य र शिशु तथा बाल स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।
- परिवार नियोजनका साधनको प्रयोग, प्रजनन स्वास्थ्य र शिशु तथा बाल स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछन् ।
- धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पुरातात्विक महत्वका सम्पदास्थलहरूको दिगो विकास एवम् व्यवस्थापनका लागि परातत्व विभाग संग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- निर्माणाधिन सरकारी भवन तथा वडा कार्यालयहरु अपाङ्गमैत्री बनाईनेछ ।
- बाल मजदुरहरुलाई उद्धार गरिनेछ ।
- अदालतमा जाने मुद्धाहरुको संख्या घटाईने र समाजमा मेलमिलाप र सद्भाव कायम गर्न न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गरी समितिलाई साधन स्रोत सम्पन्न गराईनेछ ।
- नगरपालिकाको कामलाई मर्यादित र व्यवस्थित बनाउन नगरपालिका अर्न्तगतका कर्मचारीहरुको मनोबललाई उच्च राख्न स्थानीय स्रोत, साधन र कर संकलनको अवस्थालाई दृष्टीगत गरी प्रोत्साहन प्रणाली, दण्ड पुरस्कारको व्यवस्था जस्ता पक्षहरुलाई आत्मसाथ गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र गैर सरकारी संस्थाहरुलाई सामाजिक परिचालन, सामाजिक न्याय, फोहोरमैला व्यवस्थापन, कमजोर वर्गको संरक्षण, संस्कृति र सभ्यता एवम् आधारभूत आर्थिक, सामाजिक विकासका क्षेत्रमा परिचालन गर्न जोड दिईनेछ । नगरपालिकाले प्राथमिकतामा राखेका योजनाहरुलाई लक्षित गरि तोकिएको स्थानमा कार्य गर्न अभिप्रेरित गरिनेछ । नगरपालिकाको स्विकृती नलिई कुनै पनि गै.स.स.ले नगरपालिका क्षेत्र भित्रमा कार्य गर्न नपाउने नीति कार्यान्वयन गरिनेछ ।

### २.१.८ शिक्षा, खेलकुद र युवा विकास सम्बन्धी

- आगामी आ.व.मा स्वस्थ र फुर्तिलो एवम अनुशासित र लगनशिल तथा समाज र राष्ट्र प्रति समर्पित र नैतिकवान तथा पारिवारिक तहमा भरोसायुक्त जनशक्तिको रुपमा विद्यार्थीहरुलाई तयार पार्न सबै सामुदायिक विद्यालयहरुमा योगाभ्यास, पञ्चकर्म र संगित जस्ता क्रियाकलापहरु सञ्चालन गर्न यस क्षेत्रका विज्ञ समुहको रोष्टर तयार गरी प्रारम्भिक ज्ञान तथा सिप आदानप्रदान गर्न परिचालन गरिनेछ ।
- विज्ञान, गणित, अंग्रेजी, लेखा, अर्थशास्त्र र नेपाली विषयमा स्नातकोत्तर उर्त्तीण वा अन्तिम परीक्षा दिई बसेका शिक्षित युवाहरुलाई गोदावरी नगरपालिका क्षेत्र भित्रका समुदायिक विद्यालयहरुमा Volunteer को रुपमा परिचालन गरी विद्यालयीय पठनपाठनमा सुधार गर्न जोड दिईने र निजहरुको स्वयमसेवा वापतको निर्वाह भत्ताको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमसंग समेत आवद्ध गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, सञ्चालन र व्यवस्थापनमा प्रभावकारी रुपमा व्यवस्था मिलाईने छ ।
- नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्विकृत गरिएको नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ बमोजिम प्रत्येक वडामा एक नमुना विद्यालय क्रमागत रुपमा विकास गरिनेछ ।
- शैक्षिक गुणस्तर विकासका लागि शिक्षक र विद्यार्थीको क्षमता विकास गरिनेछ ।
- न्यूनतम दरबन्दी नपुगेका सामुदायिक विद्यालयहरुका Volunteer Teacher (स्वयमसेवक शिक्षक) हरुको मनोबललाई उच्च गरिनेछ ।

- विद्यार्थी सिकाइ उपलब्धीको परिक्षण र व्यवस्थापन गरिने छ ।
- शिक्षक तथा प्रधानाध्यापकको कार्य सम्पादन मुल्यांकनमा विधार्थीको सिकाइ उपलब्धिलाई महत्वपूर्ण आधार बनाउने नीति लिईने छ ।
- विद्यालयहरुलाई प्रविधिमैत्री शिक्षण सिकाइका लागि प्रोत्साहन गरिनेछ ।
- शिक्षण सिकाइ,शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास सम्बन्धी कार्यकमहरु संचालन गरिने छ ।
- नगर भित्रका उत्कृष्ट आधारभुत र माध्यमिक विद्यालय र शिक्षकलाई पुरुष्कृत तथा सम्मान गर्ने नीति लिईने छ ।
- सामुदायिक विद्यालयहरुवाट कक्षा १२ उत्तीर्ण गर्ने विपन्न बालबालिकाहरुलाई अध्ययन सहजताका लागि विशेष प्रोत्साहन गरिने छ ।
- खेलकुद विकासको लागि नगरपालिका स्तरीय फुटवल, भलिवल, ब्याटमिन्टन र क्रिकेट लगायतका सबै प्रतियोगिताको आयोजना गर्न खेलकुद सामाग्रीहरु विद्यालयहरुलाई उपलब्ध गराईने छ ।
- नगर क्षेत्र भित्र खेल मैदानको निर्माण र स्तर उन्नतीको कार्य गरिने छ ।
- नगर क्षेत्र भित्रका स्थानीय टोल विकास समितिहरु र युवा क्लवहरुलाई प्रोत्साहन र प्रवर्द्धन गरिने छ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतियोगितामा पदक बिजेता खेलाडीलाई नगरपालिकाबाट सम्मान प्रदान गरिने छ ।
- बालविकास केन्द्रहरुको सिकाइ क्षमता अभिवृद्धि गर्न तालिम तथा सामाग्री सहयोग प्रदान गरिनेछ ।
- अंग्रेजी माध्यमबाट पढाई सञ्चालन गरेका सामुदायिक विद्यालयहरुलाई अनुदान उपलब्ध गराईनेछ ।
- कक्षा ११ बाट पत्रकारिता सम्बन्धी अध्ययन, अध्यापन कार्य सुरु गर्ने सामुदायिक विद्यालयलाई तत्सम्बन्धी पूर्वाधार खडा गर्न आवश्यक सहयोग एवम सहकार्य गरिनेछ ।
- अनौपचारिक तथा निरन्तर शिक्षाका कार्यक्रमहरु सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालन गरिनेछ ।
- आगामी आ.व.मा गोदावरी नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिनेछ ।
- नगर शिक्षा समिति गठन गरी विद्यालय Merge, दरबन्दी मिलान आदी जस्ता कार्यमा विशेष जोड दिईनेछ ।
- विद्यालयको नजिकमा रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई विद्यार्थीहरुको आखाजन्य जुका, चुर्ना, छालाजन्य रोग, कान सम्बन्धी, रक्तसंचार जस्ता आधारभूत कुराहरुको स्वास्थ्य जाँचका साथै स्वास्थ्य र सरसफाइसंग सम्बन्धीत चेतना उपलब्ध गराउन परिचालन गरिनेछ । यसको लागि वार्षिक कार्यतालिका बनाई त्यस्ता स्वास्थ्यकर्मीको अभिलेख समेत राखी आवश्यक उत्प्रेरणाका साथ परिचालन तथा सम्मान गरिनेछ । यसमा गेटा आँखा अस्पताल र निजी तथा सामुदायिक क्षेत्रका स्वास्थ्य संस्थाहरुको स्वर्फुत रुपमा सहभागिताका लागि आवश्यक पहल गरिनेछ ।
- निजी क्षेत्रका विद्यालयको व्यवस्थापकिय क्षमताको सामुदायिक विद्यालयहरुमा उपयोग गर्न अध्ययन गरी प्राप्त प्रतिवेदनको आधारमा सामुदायिक र संस्थागत विद्यालय बीच शीक्षण सिकाई क्रियाकलाप आदान प्रदान गरिनेछ ।
- संस्कृत र नैतिक शिक्षाको पठनपाठन सुरु गर्ने सामुदायिक विद्यालयलाई आवश्यक सहयोग गरिनेछ ।
- खुला विद्यालयको अवधारणालाई विस्तार गरिनेछ ।
- खेलकुद क्षेत्रको विकासको आधारशिला तयार गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षा सञ्चालन गरेका विद्यालयहरुको क्षमता सुधारका साथै सम्भाव्य विद्यालयहरुमा प्राविधिक शिक्षा सञ्चालन गरिनेछ ।
- नगर स्तरिय खेलकुद प्रतियोगिता र वडा स्तरिय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

### २.१.९ खानेपानी तथा सरसफाइ

- खुला दिशामुक्त नगरपालिका घोषणा भईसकेको सन्दर्भमा पूर्ण सरसफाईको रणनीतिक योजना तयार पारी विविध क्रियाकलापहरु सञ्चालन गर्न सहकार्य गरिनेछ ।
- सार्वजनिक स्थल, संस्था र मानिसको आवागमन बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
- नगर क्षेत्रको सुख्खा ग्रस्त क्षेत्रमा घर-घरमा वर्षात्को पानी सङ्कलन र प्रयोगको लागि कार्यक्रम ल्याइनेछ ।
- खानेपानीको पहुँच भन्दा टाढा रहेको टोल तथा बस्तीलाई उच्च प्राथमिकतामा राखीनेछ ।
- फोहर व्यवस्थापन कार्यलाई दिगो तथा प्रभावकारी बनाउन नागरिक सहकार्य गरिनेछ । टोल विकास समिति, आमा समुह, सहकारी समुह, स्वास्थ्य समुह, महिला समुह, युवा क्लव, ज्येष्ठ नागरिक समुहहरु मार्फत फोहोरको उत्पत्ति स्थलबाटै वर्गिकरण गर्ने कार्यलाई जोड दिईनेछ ।
- छाडा गाईबस्तुको व्यवस्थापन गरिनेछ ।

### २.१.१० वालवालिका तथा किशोर किशोरी

- ज्येष्ट नागरिक, युवा वर्ग र बालबालिकाहरुको मनोविज्ञान विच ठूलो अन्तर रहेकोले यसमा सामानजस्यता ल्याउन सामाजिक परिचालनका माध्यमबाट बालबालिका र किशोर किशोरीको मनोवैज्ञानिक विकासमा टेवा पुर्याईनेछ । सासुबुहारी तालिम, बाबुछोरा तालिम, युवाबाल तालिम जस्ता क्रियाकलापहरु सञ्चालनमा ल्याउन गै.स.स.हरु सञ्चालन गरिनेछ ।
- प्रजन्न स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुलाई सघन रुपमा सञ्चालन गरिनेछ । गर्भावस्थामा आमा र शिशुको सुरक्षाका लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन प्रणालीलाई अवलम्वन गरिने छ ।
- गर्भावस्था देखि जन्मपश्चात् उपलब्ध गराइने खोप, भिटामिन ए, पोलियोजस्ता आधारभूत स्वास्थ्य सेवाको पहुँचका अतिरिक्त तेल मालिसलाई समेत जोड दिईनेछ ।
- बालबालिकाको लागि निःशुल्क रूपमा उपलब्ध गराइने स्वास्थ्य सुविधाको विस्तार र गुणस्तरमा वृद्धि गरिनेछ ।
- एच.आई.भी.एड्स सङ्क्रमित बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य सेवामा सहज पहुँच बनाइनेछ ।
- बेचबिखन, बालश्रम लगायत अन्य हिंसामा परेका बालबालिका तथा किशोर किशोरीका लागि राहत, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन र कानुनी तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- बालविवाह, चाँडो हुने विवाह र जबरजस्ती विवाह विरूद्ध सामाजिक जागरण ल्याउन सचेतनामूलक कार्यक्रमलाई समुदाय स्तरसम्म विस्तार गरिनेछ ।
- बेसहारा, हराएका र उत्पीडनमा परेका, सुस्तमनस्थिति र कमजोर बालबालिका र किशोरकिशोरी, वृद्धवृद्धाहरुको लागि उद्धार र राहतको व्यवस्था गरिनेछ ।
- महिला शसक्तिकरण र आय आर्जान सीप विकास कार्यक्रमको अभिवृद्धि गरिनेछ ।
- महिलाहरुको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक विकासमा सुधार गरिनेछ ।
- लैङ्गिक हिंसा निवारण विरुद्धको कानूनी परामर्श सञ्चालन गरिनेछ ।
- लैङ्गिक मूल प्रवाहिकरण तथा सामाजिक समावेशीकरण अभियान सञ्चालन गरिनेछ ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तरमा सुधार गरिनेछ ।
- बालमैत्री र अपाङ्गता मैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।
- हिंसा पिडित महिला तथा बालबालिकाहरुका लागि नगर स्तरमा रहेको सेभहाउसलाई अझै व्यवस्थित गर्न भवन निर्माण कार्य अगाडी बढाईनेछ । साथै सोको लागि प्रदेश सरकारसंग पनि थप बजेटको लागि सहकार्य गरिनेछ ।

### २.१.११ धर्म, संस्कृति र कला संरक्षण

- नगरपालिका क्षेत्र भित्रका प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन, विस्तार र सदुपयोग एवम प्रचारप्रसार गरिने छ ।
- नगर क्षेत्रभित्रका प्रचलनमा रहेका सवै जातजातिहरुको चाँडपर्व, भाषा, कला, धर्म र संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गरिने नीति लिईने छ ।
- समाज सुधारको कडीको रुपमा धर्ममा आधारित ज्ञान र जागरण अभियानहरु सञ्चालन गरि सामाजिक अनुशासन कायम गर्न जोड दिईनेछ ।

### २.१.१२ स्वास्थ्य

- नगर क्षेत्रमा संचालनमा ल्याईएका शहर स्वास्थ्य क्लिनिकहरुको क्षमता विस्तार र स्थापना हुन नसकेको ठाँउमा स्थापना गरिनेछ । साथै दुर्गम ठाँउमा विशेष प्राथमिकता दिईनेछ ।
- स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रवाट दिईने सेवालाई आधुनिक र सेवग्राही मैत्री बनाईने छ ।
- नगरको दुर्गम क्षेत्र भित्र विषय विज्ञ डाक्टर सहितको घुम्ति स्वास्थ्य सेवा संचालन गरिने छ ।
- दीर्घ र नसर्ने रोगहरुको उपचारमा सहयोग पुर्‍याउने आवश्यक व्यवस्थापन मिलाईनेछ ।
- स्वास्थ्य बीमाका लागि नगरवासीहरुलाई प्रेरित गरिने छ ।
- वाल तथा मातृ मृत्यु दर घटाउन महिला तथा वालवालिकाको पोषण अवस्था सुधार गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- नगरको समुदाय स्तरमा स्वास्थ्य सम्वन्धी जनचेतनामूलक तालिमहरु संचालन गरिने छ ।
- जेष्ठ नागरिक, असहाय बालबालिका, एकल महिला तथा विपन्न महिला तथा विपन्न परिवारका सदस्यहरुलाई स्वास्थ्य सेवामा पहुँच पुर्‍याउने नीति लिईने छ ।

- स्थानीयस्तरमा औषधिजन्य बनस्पति, जडीबुटी र अन्य औषधिजन्य बस्तुको उत्पादन, प्रशोधन र वितरणमा प्रोत्साहन गरिने छ ।
- सुर्ति, मदिरा र लागू पदार्थजन्य बस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिबृद्धि सम्वन्धी कार्यक्रमहरु संचालन गरिने छन् ।
- गोदावरी नगरपालिका क्षेत्र भित्र रहेका बर्थिंग सेन्टरहरुको क्षमता विकास गरिनेछ ।

### २.१.१३ भौतिक पूर्वाधार विकास र यातायात

- गोदावरी नगरपालिका भित्र सबै वडाहरुलाई सडक सञ्जालहरुबाट जोड्न एवम् सडक स्तारोन्नती गर्न प्रत्येक वडामा ३ कि.मी. सम्म समेटिने गरी सडक कालोपत्रे गर्ने नीति लिईने छ ।
- गोदावरी नगरपालिकाबाट गौरीगंगा नगरपालिका, कृष्णपुर नगरपालिका र धनगढी उपमहानगरपालिका जोड्ने सडकहरुको स्तरोन्नती गर्नको लागि प्रदेश र संघीय सरकार संग समन्वय गरिनेछ ।
- अत्तरिया बजार क्षेत्रको व्यवस्थित ढल निर्माण आगामी आ.व.मा सुरु गरिनेछ ।
- नगर सडक यातायात गुरु योजनाको प्राथमिकताको आधारमा सडक योजना कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको सवै वडाहरुलाई समेटीने गरी चक्रपथ निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र पर्ने खोला, नाला तथा खोल्साहरुमा पुल, पुलेसा र झोलुङ्गे पुल लगायत ह्युम पाईपको व्यवस्था गरी आवतजावतलाई सहज बनाईनेछ ।
- नगरपालिकाको मुख्य सडक ,गल्ली तथा चोकहरुमा सोलार बत्तिको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- मर्मत संभार कोष खडा गरी निर्मित पूर्वाधारहरुको मर्मत संभार गरिनेछ ।
- अत्तरिया बसपार्कलाई आधुनिक रुपमा व्यवस्थित गरिने छ ।
- सडकको दायाँबायाँ हरियाली कायम गर्न वृक्षारोपण गरिनेछ ।
- यातायात सुरक्षाको व्यवस्थापन र नियमन गरिने छ ।
- नगर क्षेत्र भित्रका सडकहरुको चौडाई कम्तिमा २० फिट र बढीमा ४५ फिट गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- यातायात क्षेत्रमा संलग्न जनशक्तिको क्षमता विकास एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । साथै उत्कृष्ट सार्वजनिक चालक र सहचालकलाई मापदण्ड तयार गरी आगामी आ.व.मा सम्मान गरिनेछ । फोहोर व्यवस्थापन, सामानको सुरक्षा, सवारी साधनको सरसफाई, यात्रुहरु प्रतिको व्यवहार र समन्वय एवम् धुमपान रहित सवारी साधन जस्ता विषयवस्तुलाई मापदण्डको आधार बनाईनेछ ।
- सवारी दुर्घटना न्यूनीकरण तथा सेवाको गुणस्तर सुधार गर्न ट्राफिक प्रहरीसंग समन्वय गरी सवारी अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
- सार्वजनिक यातायात प्रवर्द्धन गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- अत्तरीयामा सिटी हल निर्माणका लागि अध्ययन गरिनेछ ।
- सुकुम्बासीहरुलाई लालपुर्जा उपलब्ध गराउन पहल गरिनेछ ।
- चौकिडाँडा-कोल्मुडा-फल्टुडे सडकलाई उत्तर दक्षिण सहायक राजमार्गको रुपमा विकास गरिनेछ ।

### २.१.१४ सूचना तथा सञ्चार

- सूचनाको हक सम्बन्धी अधिकारको प्रत्याभूति दिलाउन सूचना तथा संचार क्षेत्रलाई महत्वपूर्ण उत्तोलकको रुपमा लिई यस क्षेत्रमा उपलब्ध प्रविधिको प्रयोगमा बढावा दिई संलग्न जनशक्तिलाई अल्पकालिन र दिर्घकालिन क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नुका साथै आमसंचार विषयको विद्यालयीय (१०+२) तहको पठनपाठनमा समेत जोड दिईनेछ ।
- नगर परिषद् र नगर कार्यपालिकाका निर्णयहरुको माईक्रोफिल्म (Micro film) बनाई सुरक्षित गरिनेछ ।
- नगर क्षेत्रका ऐतिहासिक र पूरातात्वीक महत्वका धरोहरहरुलाई डिजिटलाईज गरिनेछ ।
- सूचना र संचारको क्षेत्रमा क्रियाशिल स्थानीय स्तरका रेडियो, पत्रपत्रिकाको संस्थागत विकासमा आवश्यक सहयोग गरिनुका साथै तत्तत् क्षेत्रलाई मामिला अध्ययनको कार्यमा समेत उत्प्रेरणाका साथ परिचालन गरिनेछ ।

- केन्द्र र मोफसलको पत्रकारिता बीच आवश्यक समन्वयमा सहजीकरण गरी अनुभवको आदानप्रदान गर्न प्रेरित गरिनेछ ।
- नगरपालिकामा लागू गरिएको सम्पत्ती कर सम्बन्धी जानकारी एवम सूचना र विपद्को समयमा एकिकृत रुपमा सूचना प्रवाह गर्न मोबाईल नं. संकलन गरी एकिकृत रुपमा एस.एम.एस.बाट सूचना प्रवाहको व्यवस्था मिलाईनेछ ।
- सूचना र संचारमा सबै नगरवासीहरुको पहुँच पुऱ्याउन नगरपालिका भित्रका शैक्षिक संस्था, वडा कार्यालय भवन, स्वास्थ्य चौकी, हुलाक कार्यालय लगायत अन्य सार्वजनिक सेवा केन्द्रहरुलाई सूचना प्रविधिमैत्री बनाईनेछ ।
- नगरपालिकाले संचालन गरेका स्थानीय विकासका कियाकलाप तथा गतिविधिलाई स्थानीय पत्रपत्रिका तथा रेडियो संचारका माध्यमवाट नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।
- पूर्ण प्रेस स्वतन्त्रताको सम्मान गर्दै आमसञ्चार माध्यमहरूलाई मर्यादित, जिम्मेवार र उत्तरदायी बनाईनेछ ।
- सूचनाको हकको प्रत्याभूति गराउदै विद्युतिय सूचना केन्द्रको E-Information Center स्थापना गरिनेछ ।
- सूचना प्रवाहमा एकद्धार प्रणाली अपाईनेछ ।
- सेवा प्रवाहमा विद्युतिय सेवा माध्यम एस.एम.एस., अडियो नोटिस र वेभसाईट संग जोडेर सेवा प्रवाहलाई चुस्त र पारदर्शि बनाईनेछ ।
- स्थानीय स्तरमा सक्रिय पत्रकारहरुलाई प्रोत्साहनका लागि गोदावरी पत्रकारिता पुरस्कारको स्थापना गरिनेछ ।
- साना लगानीका सञ्चार माध्यमहरुलाई प्रोत्साहनको नीति लिईनेछ ।

### २.१.१५ विद्युत तथा उर्जा

- विद्युत आपूर्तीमा उत्पन्न भैराखेको समस्यालाई समाधान गर्न Electricity Load Management को लागि ट्रान्सफर्मर वितरण, थप र मर्मत संभार गर्न सम्बन्धित निकायसंग पहल गरिनेछ ।
- उर्जालाई वातावरण मैत्री र कृषि उत्पादन एवं कृषकको कार्यभार घटाउने तर्फ उपयोग गर्न जोड दिईनेछ ।

### २.१.१६ भवन तथा आवास

- सुदूरपश्चिम प्रदेशको राजधानीको रुपमा रहेको गोदावरी नगरपालिका भित्र भवन तथा आवास क्षेत्रमा सहरीकरणको तिब्रता संगै भवन संहिता र तत् सम्बन्धी मार्गदर्शन र कार्यविधि समेतको अनुसरण गरी आधुनिक सुरक्षित र भुकम्प प्रविधिमैत्री भवन तथा आवास संरचनाको विकास गर्नु आवश्यक देखिएकोछ । यस सम्बन्धमा बस्ती विकास योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- भवन निर्माणसंग सम्बन्धीत डकर्मी, सिकर्मी र परामर्शदाताहरुको एकिकृत रुपमा क्षमता विकास गरी आकर्षक र बलियो संरचना निर्माणमा जोड दिईनेछ ।
- ईन्जिनियरिंग विषयको अध्ययन गरीराखेका र गरिसकेका विद्यार्थीहरुलाई समुदायमा परिचालन गरी भवन निर्माण कार्यमा स्वयमसेवकको रुपमा परिचालन गर्न सकिनेछ ।
- द्वन्द्व पीडित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, सडक बालबालिका लगायत जोखिममा रहेका व्यक्तिहरूका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ ।
- समुदायको क्षमता अभिवृद्धि गरी भूकम्प लगायतका प्रकोपबाट हुने जीउधनको क्षती तथा जोखिम न्यूनीकरण गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र बनेका घर, संरचनाहरुको GIS मार्फत House Numbering गरी व्यवस्थापन गरिनेछ ।

### २.१.१७ विपद व्यवस्थापन

- नगरपालिकामा Emergency Operation Center स्थापना गरी District Emergency Operation Center, Central Emergency Operation Center, Nepal Redcross, International Federation of Redcross, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, पत्रकार एवम् जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालय र सरोकारवालाहरुसंग समन्वय गर्न Co-ordination Frame Work तयार गरिनेछ ।
- स्थानीय अनुकूलन कार्य योजनाको आधारमा कार्यक्रम सञ्चालन गरीनेछ ।
- बस्ती/समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि नगरपालिकाको वडा तहसम्म जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- नगर स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना पूर्व सूचना प्रणाली, राहत सामाग्रीको पूर्व भण्डारण र विपदको समयमा वितरण र समन्वय एवम जल उत्पन्न प्रकोप समेतको लागि पूर्व सूचना प्रणाली (Early Warning Syestem) स्थापना गर्न सम्बन्धीत निकाय संग समन्वय एवम पहल गरिनेछ । साथै वातावरण मैत्री पूर्वाधार निर्माण गरी तटबन्ध Bio Engineering र वृक्षारोपणलाई जोड दिईनेछ ।
- दमकल सेवालाई चुस्तदुरुस्त तुल्याईनेछ ।

### २.१.१८ सुशासन तथा सेवा प्रवाह

- नगरपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवालाई चुस्त, दुरुस्त, पारदर्शि, मितव्ययी, प्रभावकारी, परिणाममुखी, भ्रष्टाचाररहित, जनमुखी तुल्याउन एवम गुणस्तर कायम गर्न संगठन तथा व्यवस्थापनका आधारभूत सिद्धान्तहरुको आधारमा योजना गर्ने संगठन गर्ने, नेतृत्व गर्ने र नियन्त्रण गर्ने तर्फ विशेष ध्यान दिईनेछ ।
- सार्वजनिक सेवा प्रवाहको तरिका, विधि, प्रक्रिया, लागत, समय, गुणस्तर र जिम्मेवार शाखा, उपशाखा, ईकाइ र त्यसमा रहने जिम्मेवार पदाधिकारी समेतको बारेमा स्पष्ट जानकारी हुनेगरी कार्यालयको प्रवेशद्धारमा डिजिटल सूचना पाटी र वेभसाईट मार्फत जानकारी गराईनेछ ।
- योजना तर्जुमा र कार्यान्वयनमा जनताको अधिकतम सहभागिता गराउने नीति लिईनेछ ।
- आगामी आ.व.मा सञ्चालन गरिने कार्यक्रम तथा योजनाहरुको पूर्व तयारीका सम्पूर्ण कामहरु समयमै गरी कार्यान्वयनमा सहजीकरण र अनुगमन, मुल्यांकन, सार्वजनिक सुनुवाई र सामाजिक लेखा परिक्षण गर्ने गरी योजनाहरुको Inventory तयार गरिनेछ ।
- सहायता कक्ष, गुनासो व्यवस्थापन, सूचना व्यवस्थापन र नागरिक वडापत्रको समसामयिक व्यवस्थापन गरिनेछ । यसको लागि Client Survey Tools नागरिक मुल्यांकन लेखाजोखा र सार्वजनिक सेवाको व्यवस्थापनमा सुझाव संकलन र पृष्ठपोषण लिने कार्य गरिनेछ ।
- ई-गर्भनेन्सको अवधारणालाई आत्मसाथ गरिनेछ ।

### २.१.१९ मानव संशाधन विकास (जनशक्ति व्यवस्थापन र संस्थागत क्षमता विकास)

सुदूरपश्चिम प्रदेशको राजधानी सहरको रुपमा रहेको गोदावरी नगरपालिकामा भविष्यपरक दृष्टिकोणबाट मानव संशाधन विकास केन्द्रको स्थापना गर्नुपर्ने देखिन्छ । आफ्नो श्रोतसाधनबाट तत्काल स्थापना गर्न नसकिएता पनि यसको लागि आगामी आ.व.बाटै प्रदेश र केन्द्र सरकार संग समन्वय गरी साझा अधिकार सूची अर्न्तगतको योजनामा समावेश गरी एउटा मानवश्रोत विकास केन्द्र स्थापनाको लागि जोडदार पहल गरिनेछ ।

गोदावरी नगरपालिकाको आफ्नो जनशक्ति व्यवस्थापन र संस्थागत क्षमता विकासको लागि देहाय अनुसारका क्षेत्रगत नीतिहरु लिईएकोछ :

- चालु आ.व.मा नगरपालिका र वडा कार्यालयहरुको संगठन संरचना र व्यवस्थापन सर्भेक्षण (O&M) सम्पन्न गरीएकोछ सोको कार्यान्वयनबाट शाखा प्रमुखहरुलाई जिम्मेवार बनाई सार्वजनिक सेवा प्रवाहलाई सहज तुल्याईनेछ ।
- चालु आ.व.मा नगरपालिकाको विशेष कोषहरुको कार्यविधि तयार गरिएकोछ सोको कार्यान्वयन गरी कोषहरुको उचित व्यवस्थापन गरिनेछ ।
- चालु आ.व.मा क्षमता विकास योजना तयार गरिएकोछ । निर्वाचित जनप्रतिनिधी, कर्मचारी, व्यापार व्यवसायी, होटल व्यवसायी, उद्योगी, पत्रकार, नागरिक समाज समेतको क्षमता विकास कार्यक्रमहरु समावेश गरिएकोले सरकारी तथा गैरसरकारी प्रयासमा समष्टिगत क्षेत्रको क्षमता विकासमा जोड दिईनेछ ।
- नगरपालिका क्षेत्रको Urban Base Map, Metric Addresing System, Socio Economic Census, Tematic Resource Map, Minicipal GIS Data base and Cadastral Land Parcel Digital Data तयार गरिनेछ ।
- गोदावरी नगरपालिका क्षेत्र भित्र मानव संशाधनको अभिलेख अध्यावधिक गरिनेछ ।

### २.१.२० स्थानीय अभिलेख व्यवस्थापन

- चालु आ.व.मा गोदावरी नगरपालिकाको बस्तुगत विवरण (Municipal Profile) तयार गरिएकोछ सोबाट उपलब्ध आर्थिक, सामाजिक, साँस्कृतिक, जनसांख्यिक, भौगोलिक, धार्मिक र अन्य विषयबस्तुको तथ्यांकको आधारमा क्षेत्रगत अभिलेखीकरणको कार्य आगामी आ.व.मा सुरु गरिनेछ ।
- नगरपालिका भित्र ऐलानी र प्रति जग्गाको अभिलेखीकरण कार्यको सुरुवात गरिएकोछ । आगामी आ.व.मा सबै वडाहरुको अभिलेखीकरण सम्पन्न गरिनेछ ।
- अपाङ्ग व्यक्ति, बालश्रमिक, सडक बालबालिका, एकल महिला, हिंसा पिडित महिला, अल्पसंख्यक जाति र दन्द्ध पिडितको अभिलेख तयार गरिनेछ ।
- जन्म, मृत्यु, विवाह, सम्वन्धविच्छेद, वसाईसराई दर्ता र परिवारिक लगतको अभिलेख तथा पञ्जिकरण अनलाईन प्रणाली मार्फत व्यवस्थापन गरिनेछ ।
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन सम्बन्धी आवश्यक कार्यहरु गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सूचना प्रविधिसंग सत प्रतिशत लागू भईसकेको र समय सापेक्ष चुस्त दुरुस्त बनाउनको लागि जनशक्तिलाई तालिम तथा पुनः ताजकी तालिम सञ्चालन गरिनेछ ।
- यस गोदावरी नगरपालिका अर्थात साविकमा गा.वि.स. र वडाहरुमा पुराना पञ्जिकरण अभिलेखलाई पञ्जिकरण विभागले बनाएको सफ्टवेयर संग आवद्ध गराई Offline र Online हेर्न मिल्ने पद्धतीको विकास गरिनेछ ।

### २.१.२१ राजस्व र वित्तिय व्यवस्थापन

- नगरपालिका क्षेत्रभित्र करको दायरामा नआएका कर दाताहरुलाई करको दायरामा ल्याउन पहल गरिनेछ ।
- गोदावरी नगरपालिका भित्र ऐलानी प्रति जग्गामा बनेका घरहरुको अभिलेख राखी त्यस्ता घरहरुवाट बहाल विरौटी शुल्क लिईनेछ ।
- कर प्रणालीलाई थप व्यवस्थित, पारदर्शि, सरल र सहज बनाईनेछ ।
- नतीजामा आधारित खर्च व्यवस्थापन तथा बजेट पद्धतिको विकास गरिनेछ ।
- कर अभियान तथा राजस्व प्रवर्द्धनात्मक कार्यक्रमहरु प्रभावकारी रुपले संचालन गरिनेछ ।
- नगर क्षेत्र भित्रका सवै करदाताहरुको विवरणलाई डिजिटलाईज्ड गरी अद्यावधिक गरिनेछ ।
- विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्र (E-bidding) को दायरालाई विस्तार गरिनेछ ।
- एकिकृत सम्पत्ति करको सट्टा सम्पत्ति कर तथा भूमिकर (मालपोत) लगाईनेछ ।
- बहाल बिटौरी शुल्कलाई प्रगतिशिल बनाई प्रभावकारी बनाईनेछ ।
- सरोकारवालासंग छलफल गरेर मात्रै करका दर निर्धारण गरिनेछ ।
- सम्पत्ति करको दर घटाईनेछ र घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर र कृषि योग्य जग्गामा भूमिकर ( मालपोत) लगाईनेछ । जसले करदातालाई राहतको महसुस हुने विश्वास लिएकोछु ।
- बहाल बिटौरी शुल्कलाई प्रगतिशिल बनाई पहिले देखि चलि आएको घर करलाई कानून अनुसार बहाल बिटौरी शुल्कको नामले व्यवस्थित गरी यस वर्ष देखि प्रभावकारी रुपमा संकलन गरिनेछ ।
- सबै करका दरहरुलाई सरोकारवाला (करदाता) संग वृहत छलफल गरी उहाँहरुकै स्विकृति, सहमति बमोजिमको करको दर निर्माण गरिएकोछ ।

### २.१.२२ महिला, जेष्ठ नागरिक, अपाङ्ग भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन

- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम एवम् नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँच योग्य बनाइनेछ ।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति सामाजिक विभेद तथा भ्रम हटाउन सरोकारवाला संस्थाकै सहभागितामा पैरबी गरिनेछ ।
- वादी, कमलरी, कमैया लगायत वञ्चितिकरणमा परेका सबै समुदायका महिला तथा किशोरीहरूका लागि लक्षित आर्थिक-सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- लैङ्गिक हिंसाका नयाँ स्वरूपहरूको अध्ययन अनुसन्धान गरी तिनको निराकरणका लागि उपयुक्त रणनीति अवलम्वन गरिनेछ ।
- लैङ्गिक समानता तथा सशक्तीकरणको लागि प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।
- लैङ्गिक हिंसा सम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने पद्धतिलाई निरुत्साहित गर्न सामुदायिक संस्थाहरूको परिचालन गरिनेछ ।

- जेष्ठ नागरिक, अपाङ्गाता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचय पत्र वितरण, सामाजिक सुरक्षा तथा आवश्यक सुविधाको व्यवस्थापन गरिनेछ । साथै हेल्पडेस्कको व्यवस्था गरिनेछ ।

### २.१.२३ प्रभावकारी कानुनी व्यवस्था र नागरिक सुरक्षा

- न्यायिक समितिलाई थप व्यवस्थित बनाउन न्याय सम्पादनका तोकिएका क्षेत्रहरुको विषयमा बढी भन्दा बढी जानकारी गराई सेवा प्रवाहलाई छिटोछरितो बनाउन क्षमता विकास गरिनेछ ।
- न्यायपालिकाको दैनिक कार्यलाई प्रभावकारी, चुस्तदुरुस्त, छिटोछरितो सम्पादन गर्न कानून अधिकृतको माध्यमबाट दैनिक रुपमा सेवाको सहजता प्रदान गरिनेछ ।
- गरिव, असहाय तथा पिछिडिएका व्यक्तिहरुको न्यायमा सहज पहुच पुऱ्याउन निःशुल्क कानुनी परामर्शको व्यवस्था गरिनेछ ।
- अनावश्यक रुपमा मुद्दा मामिला गर्ने प्रवृतिलाई मेलमिलापकर्ताहरुको सहजीकरणमा व्यवस्थापन गरिनेछ ।
- नगर क्षेत्रको मुख्य-मुख्य बजार क्षेत्र र संवेदनशील स्थानहरुमा सौर्य वत्ति लगायत cctv जडान गरिनेछ ।
- लागुऔषध, जुवातास लगायतका विकृतिहरुलाई निरुत्साहित गर्न युवा क्लव र अन्य सामाजिक समुहहरुको क्षमता विकास मार्फत सुरक्षा कवज तयार गरिनेछ ।
- सामाजिक सुरक्षा सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान गरिनेछ ।
- न्यायिक समितिबाट सम्पादन गरिएका निर्णयहरुको कार्यान्वयन गर्न नगर प्रहरीहरुलाई समेत क्षमता विकासमा समेटिनेछ ।

### २.१.२४ बेराजगार तथ्यांक संकलन

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित गर्दै नगरपालिका स्तरमा रोजगार सेवा केन्द्र अर्न्तगत रहने गरी रोजगार सूचना केन्द्र स्थापना गरिनेछ ।
- रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालिको स्थापनाको कार्यलाई निरन्तरता दिईनेछ ।
- वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तिय साक्षरता र सीपमूलक तालिमको सञ्चालन गरिनेछ ।
- स्वदेश मै स्वरोजगार बन्न चाहने व्यक्तिहरुको व्यवस्थित अनुसन्धान पद्धतीबाट तथ्यांक संकलन गरी विभिन्न किसिमका स्वरोजगारमूलक तालिमहरु सञ्चालन गरिनेछ ।
- स्वरोजगारमा संलग्न हुन चाहने व्यक्तिहरुलाई सहुलियतमा ऋण, अनुदान उपलब्ध गराई उनीहरुको आर्थिक अवस्था माथि उकास्नमा टेवा पुऱ्याईनेछ ।
- यस नगरपालिका भित्रका सम्पूर्ण रोजगारदाताहरु (सरकारी, सहकारी तथा नीजि) को तथ्यांक संकलन गरी त्यसमा आवश्यक कामदार तथा श्रमिकहरु रोजगार सेवा केन्द्र मार्फत उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- नगरपालिकाबाट सञ्चालन गरिने विभिन्न विकास निर्माणका आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरु मध्येबाट आवश्यक कामदार खटाउने व्यवस्था मिलाईनेछ ।

### २.१.२५ सकुम्वासी व्यवस्थापन

- सुकुम्वासीको पहिचान र अभिलेख व्यवस्थापनको कार्य गरिनेछ ।
- नगर क्षेत्र भित्र रहेका सुकुम्वासीहरुलाई जीविकोपार्जन संग सम्वद्ध कार्यक्रमहरुमा समावेश गराईनेछ ।

### २.१.२६ भू-उपयोग र बस्ती विकास योजना

- चालु आ.व.मा गोदावरी नगरपालिकाको भू उपयोग योजना निर्माण कार्य अन्तिम चरणमा पुगेकोले आगामी आ.व.मा यसलाई अन्तिम रुप लिई सोको आधारमा नगरपालिकाको भौगोलिक नक्सांकन गरी कृषि योग्य भुमि, बन क्षेत्र, औद्यौगिक क्षेत्र, बजार क्षेत्र र बस्ती क्षेत्र सहितको भू-उपयोग नीति अपनाईने छ ।
- उर्वर भुमिलाई खण्डीकृत गरी जग्गा प्लटीङ्ग गर्ने कार्य निरुत्साहित गरिनेछ ।
- राष्ट्रिय भवन संहिता २०६० र भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२ लागु गरी सोही बमोजिम घर नक्सा पास गरिनेछ ।
- नगरक्षेत्र भित्रको सार्वजनिक जग्गाहरुको अतिक्रमणलाइ रोकी उक्त स्थानमा पार्क, मनोरञ्जन स्थल निर्माणमा जोड दिईनेछ ।
- नगरपालिकाद्धारा भवन संहिता तालिम प्रदान गरिएका डकर्मीहरुलाई भवन निर्माण कार्यमा अनिवार्य रुपमा संलग्न गराउने नीति लिईनेछ ।

- भवन निर्माण सम्बन्धी मापदण्ड पुरा नगरेका भवनहरुको अभिलेखिकरण गरी निश्चित मापदण्डका आधारमा कानून सम्मत बनाउन प्रकिया अगाडी बढाईनेछ ।
- अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न पहल गरिनेछ ।
- नगर क्षेत्रको नापी नक्सामा सडक भनि उल्लेख भएका सबै वाटाहरुलाई सडकको रुपमा कायम गरिनेछ ।

**२.१.२७ समावेशीकरण**

- महिला, आदिवासी जनजाति, दलित, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्गको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू गैर सरकारी संस्थाहरु संग समन्वय गरी सञ्चालन गरिनेछन ।
- नगरपालिकामा उपलब्ध स्रोतसाधनहरूमा महिला, आदिवासी जनजाति, दलित, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्गको पहुँच बढाइनेछ ।
- गोदावरी नगरपालिकालाई छुवाछुत नगरको रुपमा घोषणा गर्न पहल गरिनेछ ।

## आदरणिय सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यू

अव म चालु आर्थिक वर्ष ०७५/७६ को संसोधित अनुमानित आय व्यय प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आर्थिक वर्ष ०७५/७६ को लागि विनियोजित संघिय र प्रदेश सरकारबाट प्राप्त कुल बजेट रु. ७० करोड ७५ लाख ५२ हजार मध्ये सर्शत तर्फको २७ करोड ५५ लाख २५ हजार, वित्तिय समानिकरण तर्फ २१ करोड ४ लाख ८ हजार, राजश्व बाँडफाडबाट १३ करोड ८९ लाख ५९ हजार रहेको यस गरिमाय सभामा जानकारी गराउँद छु । यस नगरपालिकाले चालु आ.व.मा विनियोजित गरेको बजेटमा २०७६ जेष्ठ मसान्तसम्म पूँजीगत तर्फको रु. १६ करोड २० लाख ५१ हजार रुपैया अर्थात २२.९० प्रतिशत खर्च भइको देखिन्छ छ भने चालु तर्फको रु. २८ करोड ४१ लाख ७० हजार रुपैया अर्थात ४०.१७ प्रतिशत खर्च देखिन्छ । यो खर्च चालु आ.व.को कूल ६३.०७ प्रतिशत खर्च हो ।

**आदरणीय सभाध्यक्ष महोदय,**

यस नगरपालिकाको आगामी आर्थिक वर्ष ०७६/७७ का लागी माथी उल्लेखित आधारहरु र नीतिगत पक्षहरुको अधिनमा रही चालू तर्फ रु. ४८ करोड ८९ लाख ८५ हजार र पूँजिगततर्फ रु. ४५ करोड २६ लाख ३१ हजार ५ सय गरी जम्मा रु. ९४ करोड १६ लाख १६ हजार ५ सय बिनियोजन गरेको छु । यो व्यय अनुमान चालु आ.व.को स्वीकृत बजेट भन्दा २४.८५ प्रतिशतले बृद्धि हुन आउछ ।

उक्त व्यय अनुमान परीपूर्ती गर्न संघीय र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान तर्फ रु. २० करोड ४८ लाख ९० हजार तथा सशर्त अनुदान तर्फ रु. २७ करोड ३७ लाख, राजश्व बाँडफाडबाट रु. १७ करोड ३८ लाख २१ हजार, संघीय बन रोयल्टी वापत रु. ४४ लाख २९ हजार र आन्तरिक आय तर्फ रु. १२ करोड ९५ लाख २६ हजार ५ सय रुपैया र संघीय र प्रदेश सरकार बाट प्राप्त हुने समपुरक र विशेष अनुदान तथा नगद मौज्दातबाट रु. १५ करोड ५२ लाख ५० हजार गरि जम्मा रु. ९४ करोड १६ लाख १६ हजार ५ सय आय अनुमान रहेको यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु । स्थानीय तहमा हस्तान्तरण हुने भनिएका कार्यक्रमहरुको लागी सोही बमोजिम सशर्त अनुदान तथा समानीकरण अनुदान रकम समायोजन गरिएको छ ।

माथी उल्लेखित यस गरिमामय नगरसभामा पेश भएको आगामी आ.व.को प्रस्तावित व्यय अनुमान रु. ९४ करोड १६ लाख १६ हजार ५ सय बाहेक नेपाल सरकार र प्रदेश सरकारबाट पारित भै विगतमा झै अख्तियारी प्राप्त हुने र अन्य निकायबाट समेत प्राप्त हुने अख्तियारी तथा कार्यक्रमहरु जुन यस नगरपालिकाको बजेटमा समावेश गर्नु नपर्ने देहायका कार्यक्रमहरुको रु. २२ करोड ४० लाख ४० हजार सहित कूल जम्मा रु. १ अर्व १६ करोड ५६ लाख ५६ हजार ५ सयको व्यय अनुमान हुने जानकारी गराउन चाहन्छु :

**<u>तपशिल</u>**

| | |
|---|---|
| १) सामाजिक सुरक्षा कार्यक्रम | रु. १४ करोड |
| २) सडक बोर्ड | रु. ४० लाख |
| ३) झोलुंगे पूल क्षेत्रगत कार्यक्रम | रु. ६० लाख |
| ४) तराई मधेश समृद्धि कार्यक्रम | रु. १ करोड |
| ५) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | रु. २ करोड |
| ६) GIZ बाट अनुदान | रु.३० लाख |

७) क्षेत्रिय शहरी विकास आयोजना रु.३ करोड ६६ लाख
८) स्थानीय विकास तथा सामुदायीक विकास कार्यक्रम रु. ४ लाख ५० हजार
९) मालाखेती अस्पतालको आन्तरीक आम्दानी रु.३९ लाख ९० हजार

**आदरणिय सभाध्यक्ष महोदय,**

गोदावरी नगरपालिकाको समग्र विकासको लागि संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान र स्थानीय श्रोत साधनबाट प्रस्तुत बजेट तथा कार्यक्रम तयार गरीएको छ । असीमित आवश्यकता र सिमित साधन स्रोतको दोसाँधमा काम गर्नुपर्ने परिस्थितिका कारण नगरबासीका समग्र चाहनाहरु सम्बोधन हुन नसकेता पनि क्रमिक रुपमा आर्थिक, सामाजिक, साँस्कृतिक र मानविक उन्नयनमा प्रगति नभएको हाईन । वर्तमान गतिलाई निरन्तरता दिदै आन्तरिक र वाह्य दुबै क्षेत्रको सहकार्यात्मक प्रयासबाट समग्र विकासको दिशा तर्फ उन्मुख गराउन सकिने देखिन्छ यसमा हाम्रो चासो, सहनशिलता, दुरदर्शिता, समन्वय, सहकार्य, सहभागिता, सकारात्मक सोच, मितव्ययिता, पारदर्शिता, उत्तरदायित्वबोध, छरितोपना, कार्यकूशलता, प्रभावकारिता, नागरिकको आवाज सुन्ने र कार्यान्वयन गर्ने, कमजोर र अशक्त वर्ग प्रति सम्वेदनशिल, हाँक र चुनौती प्रति जुध्न सामुहिक प्रयत्न र दृढसंकल्प जस्ता पक्षलाई जोड दिनुपर्ने देखिन्छ ।

**अन्तमा,**

आफ्नो समय तालिकालाई परिमार्जन गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरि गोदावरी नगरपालिकाको तेस्रो नगर परिषदको उद्‌घाटनसत्रमा सभालाई गौरवान्वित बनाउनुहुने प्रमुख अतिथिज्यू, बिशिष्ठ अतिथिज्यूहरु र अतिथिज्यूहरु, परिषद्का पार्षदज्यूहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु, पत्रकार, राष्ट्रसेवक कर्मचारीवर्ग, सुरक्षा अंगका प्रमुख तथा प्रतिनिधीज्यूहरु, नागरिक समाज, बुद्धिजिवी, समाजसेवी, उद्योगी, ब्यापारी, प्राचार्य, शिक्षक, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधि लगायत अन्य उपस्थित महानुभावहरुलाई गोदावरी नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद एवं आभार प्रकट गर्न चाहन्छु । नरपालिकाको योजना तर्जुमा प्रकृयामा सहभागी भै राय, सुझाव, सल्लाह र सहयोग प्रदान गरि यस सभालाई सफल बनाउन कटिवद्ध आदरणीय सभाध्यक्ष एवम् नगर प्रमुखज्यू लगायत निर्वाचित जनप्रतिनिधीज्यूहरु प्रति हार्दिक सम्मान एवं धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

**रत्ना कडायत**
**२०७६ अषाढ १० गते, मंगलवार ।** **नगर उप-प्रमुख**
**गोदावरी नगरपालिका अत्तरिया, कैलाली**

**<u>थप प्रस्तावहरुः</u>**

१. स्रोतव्यक्तिहरुको तलब, भत्ता सम्बन्धमा ।
२. परिवहन भत्ता सम्बन्धमा ।
३. प्रोत्साहन भत्ता सम्बन्धमा ।
४. करारका स्वास्थ्यकर्मी र का.स.हरुको पारिश्रमिक सम्बन्धमा ।
५. कन्टेन्जेन्सी सम्बन्धमा ।
६. लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
७. कूचीकारको पारिश्रमिक सम्बन्धमा ।
८. गोदावरी नगरपालिकाका स्थानीय सेवाका कर्मचारीहरुको आ.व. २०७६/७७ को तलबी प्रतिवेदन सम्बन्धमा ।
९. विविध प्रतिवेदन सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** गोदावरी नगरपालिकामा हाल कार्यरत स्रोतव्यक्ति श्री राम प्रसाद फुलारा र भिम बहादुर बलायरको २०७६ असार मसान्त सम्मको तलब, भत्ता दिई निजहरुलाई श्रावण १ गते देखि लागू हुने गरी रमाना दिने निर्णय गरियो ।

**निर्णय नं. २ :** जनप्रतिनिधी र कर्मचारीहरुलाई २०७६ श्रावण १ गते देखि लागू हुने गरी देहाय बमोजिम परिवहन भत्ता मासिक रुपमा दिन नगरसभामा पेश गर्ने निर्णय गरियो ।

क. वडाध्यक्ष रु. २,५००/- (अक्षरुपी रु. दुई हजार पाँच सय)
ख. कार्यपालिका सदस्य रु. २,०००/-(अक्षरुपी रु. दुई हजार)
ग. वडासदस्य रु. १,५००/- (अक्षरुपी रु. एक हजार पाँच सय)
घ. कर्मचारी (अप्राविधिक तर्फ) रु. १,५००/- (अक्षरुपी रु. एक हजार पाँच सय)
ङ. कर्मचारी (प्राविधिक तर्फ) रु. २,५००/- (अक्षरुपी रु. दुई हजार पाँच सय)

**निर्णय नं. ३ :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार कर्मचारीहरुलाई प्रोत्साहन गर्न २०७५/१०/०१ गते देखि लागू हुने गरी १५ प्रतिशत प्रोत्साहन भत्ता दिन नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** स्वास्थ्य तर्फका करार सेवामा कार्यरत अ.हे.व., अ.न.मी. र का.स.हरुको पारिश्रमिक ज्यादै न्यून रहेकोले २०७६ श्रावण १ गते देखि अ.हे.व. र अ.न.मी. को मासिक रु. १८,०००/-को दरले र का.स.हरुलाई मासिक रु. १५,०००/- उपलब्ध गराउन नगर सभामा पेश गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५ :** पाँच लाख भन्दा बढीका आयोजनाहरुमा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनामा कूल रकमको ३ प्रतिशत र ठेक्काबाट सञ्चालन हुने योजनाको कूल रकमको ३ देखि ५ प्रतिशत रकम कन्टेन्जेन्सी कट्टा गरि खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** आ.व. २०७४/७५ को अन्तिम लेखा परीक्षण प्रतिवेदन तेस्रो नगरसभामा पेश गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ७ :** यस कार्यालयको नियमति सरसफाई गर्दै आईरहेको कूचीकारलाई २०७६ श्रावण १ गते देखि रु. ३,०००/- वृद्धि गरी मासिक रु. १०,०००/- प्रदान गर्न नगर सभामा पेश गर्ने गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८ :** गोदावरी नगरपालिकाका स्थानीय सेवाका कर्मचारीहरुको आ.व. २०७६/०७७ तलबी प्रतिवेदन पारित गर्न नगरसभामा पेश गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९ :** संगठन तथा व्यवस्थापन प्रतिवेदन, क्षमता विकास योजना, विपद् नक्सांकन योजना, औद्योगिक सम्भाव्यता अध्ययन प्रतिवेदन नगसभामा पेश गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १० :** विद्युत लोडसेडिङ्गका कारण कार्यालयको काममा बाधा पुगिरहेको हुदा ८० देखि १०० के.भि.ए. क्षमताको साईलेन्सरयुक्त जेनेरेटर खरिद गर्ने निर्णय गरियो ।